# उच्च अदालत पोखराको आर्थिक वर्ष २०७८/०७९ को कार्य प्रगती सम्बन्धी प्रेस विज्ञप्ती

## १. भूमिका

नेपालको संविधानको धारा १२६(१) बमोजिमको न्यायिक अधिकार प्रयोग गर्न ऐ. संविधानको धारा १२७ को उपधारा (१) अनुसार नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत रहेका छन्। नेपालमा हाल ७ वटा उच्च अदालत, ९ वटा इजलास तथा २ वटा अस्थायी इजलास गरी कुल १८ वटा उच्च अदालत एवं इजलासहरुको स्थापना भएको छ। हरेक ७७ वटा जिल्लामा एक एक वटा जिल्ला अदालतहरु रहेका छन्। उच्च अदालत पोखराको प्रशासनिक क्षेत्राधिकार अन्तरगत बागलुङ इजलास र गण्डकी प्रदेशका सबै ११ वटा जिल्ला अदालतहरु रहेका छन् भने न्यायिक क्षेत्राधिकार अन्तरगत नवलपुर, गोरखा, लमजुङ, मनाङ, कास्की, तनहुँ र स्याङ्जा जिल्ला अदालतहरुको पुनरावेदन सुनुवाई यस अदालतमा हुन्छ।

सार्वजनिक निकायको काम कारबाही सम्बन्धी सूचना पाउने हक नागरिकलाई छ। आम संचारको माध्यमबाट नागरिकले सार्वजनिक निकायका सूचनाहरु प्राप्त गर्दछन्। अदालतका काम कारवाहीसम्बन्धी सत्यतथ्य सूचनाहरु आम नागरिकसम्म पुर्या उने कार्यबाट नै अदालतप्रतिको जनआस्था अभिबृद्धि गर्न सहयोग पुग्छ।यसर्थ यस अदालतबाट यस आर्थिक बर्षमा सम्पादन भएका देहायका न्याय सम्पादन तथा अन्य व्यवस्थापकीय काम कारबाही सम्बन्धी सूचना आम सञ्चारका माध्यममार्फत आम जनसमुदायमा पुर्याउने उद्देश्यले संचारकर्मी तथा नागरिक समाजसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरी यो प्रेस विज्ञप्ती जारी गरिएको छ।

## २. भौतिक व्यवस्थापन (जग्गा)

यस अदालतको हालको भवन बि.सं.२०४०।९।१३ मा तात्कालिन प्रधानन्यायाधीश श्री नयनबहादुर खत्रीबाट उद्घाटन भएको र अदालतको मुल प्राङ्गणः १६-१५-२-१ रोपनी, मा.मु.न्या. आवास गृहः ३-८-०-० रोपनी, माननीय न्यायाधीश आवास गृहः २-१-२-० रोपनी भई जम्मा क्षेत्रफलः २२-९-०-१ रोपनी रहेको छ।

## ३. यस अदालतको वार्षिक लक्ष्य र सो को प्रगती विवरण

आर्थिक बर्ष २०७८/०७९ मा जम्मा १४४२ थान मुद्दा दर्ता हुने अनुमान गरिएकोमा लक्ष्य भन्दा बढी १४८४ मुद्दाहरु दर्ता हुन आएका छन्। गत आर्थिक बर्षबाट जिम्मेवारी सरी आएका ९३० थान र यस आ.ब.मा नयाँ दर्ता भएका १४८४ थान गरी यस वर्ष जम्मा मुद्दाको लगत २४१४ कायम भएको छ। यसैगरी बार्षिक कार्ययोजनाले जम्मा १६०४ मुद्दा फछ्यौट गर्ने लक्ष्य लिएकोमा यस आ.ब.मा यस अदालतबाट जम्मा १२४९ थान मुद्दाहरु फछ्यौंट भई ११६५ मुद्दाहरु बाँकी रहेका छन्।लक्ष्यका हिसाबले यस अदालतले ७७.८६% मुद्दाहरु फछ्यौंट गर्न सकेको छ भने यथार्थ फछ्यौंटको कुल प्रतिशत भने ५१.७३% रहेको छ।

## ४. फछ्र्यौट हुन बाँकी मुद्दाको अबधिगत विवरण

| बाँकी मुद्दाको अवधिगत वर्गिकरण | | | | | |
|---|---|---|---|---|---|
| ६ महिना भित्रको | ६ महिनादेखि १ वर्षभित्रको | १ वर्षदेखि १८ महिनाभित्रको | १८ महिनादेखि २ वर्षभित्रको | २ वर्ष नाघेको | जम्मा बाँकी |
| ५३८ | ४४५ | ११९ | ६० | ३ | ११६५ |

## ५. निवेदन प्रतिवेदन सम्बन्धी

जिम्मेवारी सरेका- ७८ थान, यो आ.व.मा दर्ता भएका निवेदन प्रतिवेदन जम्मा:७१७, जम्मा लगत: ७९५, फछ्र्यौट संख्याः ७८१ र बाँकी निवेदन प्रतिवेदन संख्याः १४ थान रहेका छन्।

## ६. फैसला भएका मुद्दाहरुको विवरण

सुरु सदर भएका मुद्दाहरुको जम्मा संख्याः ६९६ थान (५५.७२%), केही उल्टी भएका मुद्दाहरुको संख्या जम्मा ११९ थान, उल्टी भएका मुद्दाहरुको संख्या जम्मा ५७ थान र रिट तथा शुरु कारबाही हुने फैसला संख्या ३७७ रहेको छ।

## ७. चालु मुद्दाहरुको विषयगत वर्गिकरण

सरकारवादी फौजदारी मुद्दा जम्मा संख्याः **६१३**

व्यक्तिवादी फौजदारी मुद्दाः **१०५**

देवानी मुद्दा जम्माः **२९२**

जम्मा शुरु क्षेत्राधिकार तर्फका मुद्दाः **११७**

रीट क्षेत्राधिकार तर्फ जम्माः **३८**

**जम्मा चालु मुद्दा संख्या : ११६५**

## ८. मातहत जिल्ला अदालतहरुको लगत फछ्र्यौटको विवरण

| अदालतको नाम | यथार्थ लगत | | जम्मा | फछ्र्योट | बाँकी | यथार्थ फछ्र्योट प्रतिशत |
|---|---|---|---|---|---|---|
| | जिम्मेवारी | नयाँ दर्ता | | | | |
| बागलुङ इजलास | १७५ | २९८ | ४७३ | ३६७ | १०६ | ७७.५८% |
| नवलपुर जिल्ला अदालत | १०५० | १३४५ | २३९५ | १२५४ | ११४१ | ५२.३५% |
| गोरखा जिल्ला अदालत | ३०५ | ५९० | ८९५ | ६३५ | २६० | ७०.९४% |
| लमजुङ जिल्ला अदालत | २८१ | ५३० | ८११ | ५२९ | २८२ | ६५.२२% |
| मनाङ जिल्ला अदालत | ४ | ११ | १५ | १४ | १ | ९३.३३% |
| तनहुँ जिल्ला अदालत | ९५९ | १५३८ | २४९७ | १३४२ | ११५५ | ५३.७४% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कास्की जिल्ला अदालत | २०७५ | ३३६८ | ५४४३ | २९९५ | २४४८ | ५५.०२% |
| स्याङ्जा जिल्ला अदालत | ३८६ | ७९० | ११७६ | ७३६ | ४४० | ६२.५८% |
| बागलुङ जिल्ला अदालत | ३६९ | ४७२ | ८४१ | ४५३ | ३८८ | ५३.८६% |
| पर्वत जिल्ला अदालत | २३० | ३५२ | ५८२ | ३५३ | २२९ | ६०.६५% |
| मुस्ताङ जिल्ला अदालत | १३ | ३० | ४३ | ३४ | ९ | ७९.०६% |
| म्याग्दी जिल्ला अदालत | १९१ | ४३८ | ६२९ | ४७८ | १५१ | ७५.९९% |

## ९. मेलमिलाप सम्बन्धी विवरण

यो वर्ष जम्मा १४९ मुद्दा मेलमिलापमा पठाइएकोमा १८ थान सफल, १३ थान चालू र ११८ असफल भएका छन्। यसरी जम्मा १३.२३% प्रतिशत मुद्दा मात्र मेलमिलाप हुन सफल भएको देखिन्छ। यस अदालतमा जम्मा मेलमिलापकर्ताको संख्या २४ सूचिकृत रहेको छन् ।

## १०. थुनुवा, महिला, बालबालिका तथा जेष्ठ नागरिक पक्ष भएका बांकी मुद्दाहरुको विवरण

- थुनुवा संख्या १०३ मध्ये पुरुष ९१, महिला ७ र बालबालिका ५ रहेका छन्।
- महिला पक्ष भएका जम्मा चालु मुद्दा संख्याः १७८थान
- जेष्ठ नागरिक पक्ष भएका जम्मा चालु मुद्दाहरुको संख्याः २९ थान
- बालबालिका पक्ष भएका मुद्दाहरुको संख्या जम्माः ६० थान

## ११. ब्यवस्थापकीय कार्यहरुको विवरण

यस वर्ष वार्षिक कार्ययोजना बमोजिम   बैतनिक कानूनव्यवसायीबाट कारागार भ्रमण, परामर्श सेवा,Judicial Outreachकार्यक्रम, सेवाग्राहीसँगको व्यवहार सम्बन्धी प्रशिक्षण,Meet the judge कार्यक्रम,फैसला तथा टिपोट लेखन सम्बन्धी तालिम,संहिता सम्बन्धी तालिम,फरक मुद्दा व्यवस्थापन सम्बन्धी प्रशिक्षण,वार र सरकारी वकिलसंग अन्तरक्रिया, न्याय क्षेत्र समन्वय समितिसँगको बैठक, उच्च तहमा हुने योजनाको चौमासिक प्रगती समीक्षा समेतका कार्यक्रमहरु सम्पन्न भई सत प्रतिशत प्रगती हासिल भएको छ।

## १२. जनशक्ति सम्बन्धी विवरण

यस अदालतमा रहेको जम्मा ७२ स्थायी दरबन्दी रहेकोमा, न्यायाधीशहरुको पद २ रिक्त रहेको र बाँकी सबै पदहरुमा समेत प्रायः स्थायी तथा सेवा करारबाट कर्मचारीहरुको पदपूर्ति भएको अवस्था छ।

## १३. बजेटसम्बन्धी विवरण

आ.ब. ०७८।०७९ को बजेट शिर्षक,राजश्व र धरौटी रकम

| क्र.स. | खर्च/वित्तीय संकेतको नाम | विनियोजित बजेट (रु. हजारमा) | | कैफियत |
|---|---|---|---|---|
| | | चालू | पूँजीगत | |
| १ | उच्च अदालत वजेट | ५४,६८४।- | २,०००।- | |
| **जम्मा** | | **५६,६८४।-** | **२,०००।-** | |

## १४. राजश्व र धरौटी रकम सम्बन्धी

| क्र.सं. | चालु आ.व. मा प्राप्त | प्राप्त रकम राजश्व दाखिला | दाखिला हुन बांकी | कैफियत |
|---|---|---|---|---|
| १ | ८४,९२,०३८।२२ | ८४,९२,०३८।२२ | - | |

| गत आ.व.को अ.ल्या. | चालु आ.व.मा प्राप्त | चालु आ.व.मा फिर्ता | सदरस्याहा | बाँकी रहेको बैंक मौज्दात |
|---|---|---|---|---|
| ४,७८,८९,४२५।५८ | १,१३,५७,६०१ | २,४४,५९,८२८।५० | ५७,९३,५६६।५० | २,८९,९३,६३१। ५८ |

## १५. बाँकी बेरुजूको विवरण

| आर्थिक वर्ष | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | पेश्की बाँकी | जम्मा बेरुजु |
|---|---|---|---|---|
| २०५९/०६० सम्मको | यस अदालतको रेकर्डमा नदेखिएको। | | | |
| २०६०/०६१ देखि २०७८/०७९ सम्मको | ४,२९,८०६।- | ६,२५,२१५।- | ८,०००।- | १०,६३,०२१।- |

## १६. अन्य उपलब्धीहरु

- माननीय न्यायाधीशको आवासगृह, रजिष्ट्रारको आवासगृह, मा.मु.न्या.को आवास र अतिथी गृहको मर्मतको काम भएको,
- अदालतको मूल प्रवेशद्वारको पश्चिमतर्फ रहेको खाली जग्गा एवं सो जग्गासँगै जोडिएको भवन अगाडि बगैंचा निर्माण गरिएको,
- कर्मचारीहरुको लागि व्यवस्थित र सुविधाजनक पार्किङ्ग निर्माण गरिएको,
- प्रायः सबै सेवाहरु प्रभावकारी बनाई एकद्वार प्रणालीबाट (झ्यालबाटै) सेवा दिने प्रयोजनको लागि प्रतिक्षालय सहितको सेवाग्राहीमैत्री ट्रस निर्माण गरिएको,
- अदालतको मूल भवन पछाडि रहेको अदालत परिसरको खाली चौरमा बाटोट्र्याक , क्यारी सहितको बगैंचा व्यवस्थापन तथा सौन्दर्यकरणको काम भएको,

- पुस्तकालयलाई थप व्यबस्थापन गरिएको
- छुट्टै वाचनालय व्यवस्थापन गरिएको,
- मौजुदा मिटिङ हललाई व्यवस्थित बनाईएको र सेमिनार हल निर्माणाधीन अवस्थामा रहेको,
- सबै शाखाहरुलाई छुट्टाछुट्टै व्यवस्थापन गरी पहिचान खुलाई नामाकरण गरिएको,
- रजिष्ट्रार कक्ष, इजलास अधिकृत कक्ष, प्रशासन, अभिलेख, मुद्दा शाखाहरु लगायतका कक्षहरु छुट्टाछुट्टै व्यवस्थापन गरिएको,
- अदालतको सरसफाईमा उल्लेख्य सुधार गरिएको,
- Power Backup को लागि नयाँ सोलार सिष्टम जडान गरिएको,
- न्यायमा पहुँच बढाउन दोभाषे सेवा, Pro Bono Service शुरु गरिएको,
- Video Conferencing को लागि आवश्यक पूर्वाधार निर्माण गरिएको,
- मिसिलको आन्तरिक निरिक्षण प्रणालीलाई प्रभावकारी बनाईएको,
- अभिलेख व्यवस्थापनलाई थप दुरुस्त र प्रभावकारी बनाईएको,
- निजामती सेवा दिवसको अवसर पारेर उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई प्रशंसा पत्र र नगद पुरस्कार समेत प्रदान गरिएको , बार्षिक समीक्षा कार्यक्रममा गण्डकी प्रदेशका अदालतहरुमा कार्यरत मध्ये सबैभन्दा बढी मुद्दा फछ्र्यौट गर्ने तीन जना माननीय नयायाधीशहरु र उत्कृष्ट कार्यसम्पादन गर्ने एकजना अधिकृत कर्मचारीलाई सम्मान गर्ने कार्यक्रम रहेको
- वातावरणअनुकुल हरित बगैंचा निर्माण गर्न यहाँको माटो तथा हावापानी सुहाउने र सौन्दर्य बढाउने गरी बृक्षारोपण गरिएको,
- कोभिड-१९ नियन्त्रण, न्युनिकरण र सुरक्षाको लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिएको,
- पेशी व्यवस्थापनलाई छिटोछरितो, चुस्त दुरुस्त गर्ने गराउने प्रयत्न गरिएको,
- १४ थान CC TV मार्फत सबै फाँट र शाखाको काम कारबाहीको नियमित अनुगमन हुने गरेको,
- अदालतका सबै सूचना तथा जानकारी वेभसाइटमा राखे गरिएको।
- कार्यालयको काममा असर नपर्ने गरी व्याडमिन्टन कोर्टलाई सुरक्षित र वातावरणअनकुल स्थानान्तरण गरी निर्माण समेत गरिएको।

## १७. <u>समस्या र सुझाबहरु</u>

- फरक मुद्दा व्यवस्थापन प्रणालीको कार्यान्वयनमा जटिलता देखिएको,
- पर्याप्त बजेट अभावका कारण कार्ययोजना बमोजिमका कामहरु सम्पन्न गर्न, कर्मचारीहरुलाई तालीम दिन, आवश्यक भौतिक व्यवस्थापन गर्न समस्या देखिएको,
- मातहतका अदालत तथा अर्धन्यायिक निकायबाट शुरु तथा प्रमाण मिसिल , तामेली म्याद एवं पत्रको जबाफसहितका कागजातहरु समयमा प्राप्त हुन नसकेको,

- इन्टरनेटको क्षमता अझैं पर्याप्त नभएको, कम्प्युटर लगायतका सूचना प्रविधि सम्बन्धी उपकरणहरुको अपर्याप्तता रहेको।
- तामेलदारको पदपूर्ति हुन नसकेको, मुद्दाका पक्षको वतन यकिन हुन नसकेको, वसाई सराई एवम अस्थाइ बसोबासको प्रवृत्ति बढेको कारण समयमा म्याद तामेल हुन नसकी निर्धारित समयमा मुद्दा फैसला गर्न अवरोध पुग्ने गरेको।
- दरबन्दी अनुसारको न्यायाधीशहरुको पदपूर्ति हुन नसक्नु, बेमौसममा सरुवा हुनु र पेशी तोकिएका मुद्दाका पक्षहरु वा तिनका कानून व्यवसायीहरुले मुद्दा हटाउने प्रवृत्तिका कारण लक्ष्य अनुसार मुद्दा फछ्यौंट हुन नसकेको।
- राजपत्र अनंकित कर्मचारीहरुमा कानूनी विषयको उचित ज्ञानको अभाव रहेको र अनुभव हासिल भएका कर्मचारीहरुलाई पदमा टिकाई राख्न नसकिएको कारण मुद्दाको काममा प्रतिकूल असर परी मुद्दाको अंग पुर्याउने कार्य ढिलो हुने गरेको।
- कतिपय अवस्थामा (प्रमाण संकलन, मिसिल पठाउने, म्याद तामेल गर्ने इत्यादि) सरोकारवाला निकायहरुबाट आवश्यक र अपेक्षित सहयोग र समन्वय हुन नसक्दा पनि मुद्दाको प्रकिया लम्बिन जाने अवस्था देखिएको।

**मितिः२०७९।०३।३१ गते शुक्रबार**